# <u>पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा संचालन) सम्बन्धि निर्देशिका, २०७१</u>

बीमकले गर्ने पुनर्बीमा व्यवसाय सम्बन्धमा व्यवसायिक बजारको स्थापना एवं नेपालमा पुनर्बीमा व्यवसायको विकास तथा पुनर्बीमकको नियमन गर्न वाञ्छनीय भएकोले बीमा ऐन, २०४९ को दफा ८ को खण्ड (घ१) ले दिएको अधिकार प्रयोग गरी देहायको **"पुनर्बीमा व्यवसाय व्यवस्था तथा संञ्चालन सम्बन्धि निर्देशिका २०७१"** बनाएको छ ।

## <u>परिच्छेद - १</u>

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस निर्देशिकाको नाम पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०७१ रहनेछ ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) **"ऐन"** भन्नाले बीमा ऐन, २०४९ सम्झनुपर्छ ।

(ख) **"नियमावली"** भन्नाले बीमा नियमावली, २०४९ सम्झनुपर्छ ।

(ग) **''समिति''** भन्नाले बीमा ऐन, २०४९ को दफा ३ बमोजिम गठित बीमा समिति सम्झनु पर्छ ।

(घ) **"पुनर्बीमक"** भन्नाले बीमकले धारण गर्ने जोखिमको अंश भन्दा बढी अंशको पुनः बीमा गर्ने बीमक सम्झनुपर्छ ।

(ङ) **''बीमित''** भन्नाले आफूले धारण गरेको दायित्वको बीमा गराउने व्यक्ति वा संस्था सम्झनुपर्छ । सो शब्दले पुनर्बीमा करारमा आफ्नो दायित्वको जोखिमको अंश हस्तान्तरण गर्ने बीमकलाई समेत जनाउँछ ।

(च) **"पुनर्बीमीत"** भन्नाले आफूले बीमक वा पुनर्बीमकबाट स्वीकार गरेको पुनर्बीमा जोखिमको अर्को पुनर्बीमकसंग रेट्रोसेशन (Retrocession) गरी पुनर्बीमा गराउने बीमक वा पुनर्बीमक लाई सम्झनुपर्छ ।

(छ) **"सेशन (Cession)"** भन्नाले बीमकले बीमितबाट स्वीकार गरेको जोखिम मध्ये आफूले धारण गर्ने जोखिमको हिस्सा भन्दा बढी पुनर्बीमकमा सार्ने जोखिमको हिस्सा सम्झनुपर्छ ।

(ज) **"खुद धारण (Net Retention)"** भन्नाले बीमकले ग्रहण गरेको कुनै एक बीमा जोखिममध्ये त्यस्तो जोखिम वा एक घटनामा उत्पन्न हुने दायित्व अर्न्तगत आफूले व्यहोर्ने भनी पुनर्बीमा करारमा निर्धारित जोखिमको अंश वा प्रति घटना उत्पन्न हुने दायित्वको अंश बरावरको अधिकतम रकम सम्झनुपर्छ ।

(झ) **“ऐच्छिक पुनर्बीमा (Facultative Reinsurance)”** भन्नाले बीमकले धारण गर्ने प्रत्येक बीमालेख वा जोखिममा पुनर्बीमकको स्वीकृति बमोजिम त्यस्तो बीमालेख वा जोखिम सम्वन्धमा गरिने पुनर्बीमा सम्झनुपर्छ ।

(ञ) **“पुनर्बीमा सम्झौता (Reinsurance Treaty)”** भन्नाले बीमक तथा पुनर्बीमक बीच निश्चित शर्तहरु तोकी निश्चित अवधिको लागि शुरुमा नै तय गरिएको पुनर्बीमा व्यवस्था सम्झौता संझनुपर्छ ।

(ट) **“सामूहिक बीमा कोष (Insurance Pool)”** भन्नाले कुनै खास प्रकृतिको जोखिम वा बीमा सम्वन्धमा बीमकहरु मिलि एउटै बीमालेख जारी गर्ने, एक स्थानमा बीमा शुल्क जम्मा गर्ने, पुनर्बीमा ब्यवस्था गर्ने तथा दाबी भुक्तानी ब्यवस्था गर्न स्थापना भएको वा हुने कुनै नामको सामूहिक बीमा कोष (Pool) सम्झनुपर्छ र सो शब्दले नेपाल पुनर्बीमा कम्पनी अर्न्तगत सारेको आकस्मिक बीमा कोषलाई समेत जनाउँछ ।

(ठ) **“सिडिङ कम्पनी (Ceding Company)”** भन्नाले आफूले जारी गरेको बीमालेख अर्न्तगतको दायित्व पुनर्बीमा कम्पनीमा हस्तान्तरण गर्ने बीमक वा शुरु बीमक सम्झनुपर्छ ।

(ड) **“पुनर्बीमा दलाल (Reinsurance Broker)”** भन्नाले जोखिमको पुनर्बीमा व्यवस्था गर्ने/मिलान गर्ने बीमक वा पुनर्बीमक र पुनर्बीमक बीचको कार्य गर्ने मध्यस्तकर्ता समेत जनाउँदछ ।

(ढ) **“रेट्रोसेशन (Retrocession)”** भन्नाले पुनर्बीमकले ग्रहण गरेको जोखिममा त्यस्तो पुनर्बीमकले आफ्नो खुद धारण राखी बाँकी अंशको अन्य पुनर्बीमकसँग गरेको पुनर्बीमाको प्रकृयालाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## पुनर्बीमा व्यवसाय सम्बन्धी व्यवस्था

३. **पुनर्बीमा व्यवसाय गर्न सक्ने** :(१) बीमा ऐन, २०४९ बमोजिम स्थापित पुनर्बीमा व्यवसाय गर्ने पुनर्बीमकले नेपाल भित्र जारी भएका बीमालेखबाट सृजित दायित्वको अंश ब्यहोर्ने गरी पुनर्बीमा ब्यवसाय गर्न तथा त्यस्तो पुनर्बीमकले आफूले पुनर्बीमा ब्यवस्था अर्न्तगत ग्रहण गरेको दायित्वको पुनः पुनर्बीमा (रेट्रोसेशन) गराउन सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित ब्यवसायको अतिरिक्त पुनर्बीमकले बिदेशी बीमकले बिदेशी मुलुकमा जारी गरेका बीमालेख अर्न्तगतको दायित्वको पुनर्बीमा ग्रहण गर्न तथा बिदेशी पुनर्बीमकले पुनर्बीमा ब्यवसाय अर्न्तगत ग्रहण गरेको दायित्व ब्यहोर्ने गरी बिदेशी बीमक तथा पुनर्बीमकबाट दायित्व ग्रहण गर्न सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पुनर्बीमकले नेपाल भित्र जारी हुने बीमालेख अर्न्तगत उत्पन्न हुने दायित्वको अधिकतम ३० (तीस) प्रतिशत सम्म प्रत्यक्ष बीमाको हिस्सा (Direct Cession) लिई ब्यवसाय गर्न सक्नेछ ।

(४) पुनर्बीमकले नेपाल भित्र जारी हुने बीमालेख उपरको सदस्य बीमकहरुको संयुक्त दायित्वको पुनर्बीमा तथा दावी भुक्तानीको व्यवस्था मिलाउन स्थापित सामूहिक बीमा कोष (Insurance Pool) तथा त्यस्तै अन्य कोषहरुको व्यवस्थापन गर्न सक्नेछ ।

४. **पुनर्बीमा गर्नु पर्ने** : (१) पुनर्बीमकले आफूले ग्रहण गर्ने जोखिम मध्ये आफ्नो खुद सम्पत्ति (Networth) को आधारमा धारण गर्न सक्ने जोखिम मात्र धारण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम धारण राखी बाँकी रहेको जोखिम रेट्रोशेसन (Retrocession) वा ऐच्छिक पुनर्बीमा (Facultative Reinsurance) वा दुवै माध्यमबाट पुनर्बीमा व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम रेट्रोशेसन गर्दा रेट्रोशेसन लिने पुनर्बीमकको खुद सम्पत्ति (Networth), ख्याती, क्षमता एवं क्रेडिट रेटिङ स्तरको आधारमा गर्नुपर्नेछ ।

(४) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भएतापनि बीमकहरुले नेपाल भित्र जारी गरेको बीमालेख अर्न्तगत निज बीमकहरु बीच एक आपसमा दायित्व व्यहोर्ने सम्बन्धमा गरिएका सह-बीमा (Co-Insurance) तथा ऐच्छिक पुनर्बीमा (Facultative Reinsurance) गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(५) पुनर्बीमा व्यवसाय सम्बन्धी अन्य कुरा समितिले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## पुनर्बीमा नीति तथा प्रक्रिया सम्बन्धी व्यवस्था

५. **पुनर्बीमा नीति :** (१) ऐन, नियमावली तथा समितिबाट समय समयमा जारी भएका निर्देशन एवं यस निर्देशिका बमोजिम गरिने पुनर्बीमा सम्वन्धी व्यवसाय गर्दा बीमालेख जारी गर्ने बीमकको मूल दायित्व रहने र त्यस्तो दायित्व बापत पुनर्बीमकबाट सोधभर्ना लिने व्यवस्था सुनिश्चित गर्नु पर्ने छ ।

(२) पुनर्बीमकले सोझै बीमितसंग कुनै सम्झौता गर्न तथा बीमकले पुनर्बीमा करारको आधारमा दायित्व भुक्तानी नगरी कुनै पनि किसिमले प्रतिरक्षा गर्न पाउने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि बीमकको खुद धारण क्षमता तथा बिश्वसनीयताको आधार लिई कुनै खास प्रकृतिको जोखिमको सम्बन्धमा बीमितले पुनर्बीमकको प्रत्याभूति खोजेमा वा पुनर्बीमकबाटै भुक्तानी गर्ने ब्यवस्था गर्न चाहेमा सोही बमोजिम गर्न अन्तर्राष्ट्रिय प्रचलन अनुरुप पुनर्बीमा ब्यवस्थामा Cut through Clause राख्नुपर्ने भएमा पुनर्बीमा गर्नु अघि समितिबाट स्वीकृति लिई त्यस्तो ब्यवस्था गर्न बाधा पुऱ्याएको मानिने छैन ।

६. **पुनर्बीमा प्रकृया** : (१) पुनर्बीमकले धारण गर्ने जोखिम आफूले धारण गरी बाँकी रहेको जोखिमको वाह्य पुनर्बीमकसंग पुनर्बीमा गर्नु पर्नेछ ।

(२) आफ्नो खुद सम्पत्ति (Networth) लाई पुर्ण रुपले जोखिमोन्मुख (Expose) हुन नदिई क्रमशः आफ्नो खुद धारण क्षमता (Retention Capacity) बृद्धि गर्दै जानु पर्नेछ ।

(३) प्रारम्भमा नेतृत्व लिने अगुवा पुनर्बीमकले तय गरेका शर्त (Leading Term) मा बीमकहरुबाट पुनर्बीमा सम्झौता (Reinsurance Treaty) वा ऐच्छिक पुनर्बीमा (Facultative Reinsurance) मा हिस्सा लिने नीति अपनाउनु पर्नेछ ।

(४) बीमकहरुले जारी गरेका बीमालेख अर्न्तगतको दायित्वको निश्चित अंशमा प्रत्यक्ष हिस्सा (Direct Cession) लिने नीति तथा प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(५) पुनर्बीमा सम्झौता (ReinsuranceTreaty) वा ऐच्छिक पुनर्बीमा (Facultative Reinsurance) र प्रत्यक्ष हिस्सामा सहभागी हुँदा दोहोरो जोखिम पर्ने र जोखिम एकत्रित हुने (Duplication र Accumulation) अवस्थालाई समेत ख्याल राखी प्रारम्भमा जोखिमोन्मुख (Risk Expose) कम गर्न जोखिम मूल्याङ्कन गरी पुनर्बीमा लिने र सो को रेट्रोशेसन गर्ने नीति अवलम्वन गर्नुपर्नेछ ।

(६) पुनर्बीमकले विदेशी बीमक तथा पुनर्बीमकबाट पुनर्बीमा धारण गर्दा प्रारम्भमा सम्बन्धित बीमक/पुनर्बीमकको ख्याती, उक्त देशको भौगोलिक अवस्थिति, वातावरणीय तथा जोखिम उन्मुखता (Exposure) र सम्बन्धित बीमक पुनर्बीमकहरुको विगतको अनुभव, तथ्याङ्क तथा अन्य आवश्यक कुराको मूल्याङ्कन गरी जोखिम धारण गर्ने र यस्तो जोखिम धारण गर्दा एक आपसमा (Reciprocal) जोखिम मूल्याङ्कन गरी पुनर्बीमा गर्ने गराउने पद्धतिको विकास गर्दै जानु पर्नेछ ।

(७) पुनर्बीमकले विदेशी पुनर्बीमकसँग भएको पुनर्बीमा सम्झौता वा रेट्रोसेशन गरेको सम्झौताको प्रतिलिपी समितिमा पेश गर्नु पर्नेछ ।

(८) पुनर्बीमकले विदेशी पुनर्बीमकसंग रेट्रोशेसन पुनर्बीमा सम्झौता गर्दा अगुवा पुनर्बीमकको हकमा अर्न्तराष्ट्रिय मान्यता प्राप्त एजेन्सीहरुद्धारा कम्तिमा क वर्गको (A-Rating) मुल्याङ्कन भएको पुनर्बीमक छनौट गर्नु पर्नेछ र अन्य पुनर्बीमकको हकमा कम्तिमा ख वर्गको (B+Rating) मूल्याङ्कन भएको पुनर्बीमक हुनु पर्नेछ ।

(९) पुनर्बीमकले पुनर्बीमा व्यवसाय अर्न्तगत आफूले ग्रहण गर्ने जोखिम सम्बन्धी नीति प्रत्येक वर्ष समितिमा पेश गर्नु पर्नेछ । पुनर्बीमा सम्झौता (Reinsurance Arrangement Agreement) र रेट्रोशेसन (Retrocession) र ऐच्छिक पुनर्बीमा (Facultative Reinsurance) सम्झौताको प्रतिलिपी समितिमा पेश गर्नु पर्ने छ । साथै प्रत्येक सम्झौता नवीकरण अघि पुनर्बीमकको धारण तथा पुनर्बीमा नीति समितिमा पेश गर्नु पर्नेछ ।

(१०) पुनर्बीमाको प्रक्रिया सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद -४
## पुनर्बीमा दलाल सम्बन्धी व्यवस्था

७. **बीमा दलाल मार्फत पूनर्बीमा गर्न सकिने** : (१) पुनर्बीमकले पुनर्बीमा व्यवसाय गर्दा आफैं वा पुनर्बीमा दलाल (Reinsurance Broker) मार्फत गर्न सक्नेछ ।

(२) पुनर्बीमा दलाल मार्फत पुनर्बीमा गराउनु पर्दा त्यस्तो दलालको पूँजी, ख्याती, क्षमता र अनुभवलाई समेत मध्यनजर राखी छनौट गर्नुपर्नेछ ।

(३) पूनर्बीमकले आफूले छनौट गरेको पुनर्बीमा दलालमा उत्पन्न हुने सम्भाव्य पेशागत दायित्व बीमा (Professional Indemnity) को प्रतिलिपी लिनु पर्नेछ ।

(४) पुनर्बीमा दलाल सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५
## हिसाब किताब लेखा र लेखापरिक्षण सम्बन्धी व्यवस्था

८. **हिसाव किताव राख्नु पर्ने** : (१) पुनर्बीमकले आफ्नो हिसाब किताबको श्रेस्ता समितिले तोकिदिए बमोजिम दुरुस्त राख्नुपर्नेछ ।

९. **हिसाब किताब समितिमा पेश गर्नु पर्ने** : (१) पुनर्बीमकले पुनर्बीमा व्यवसाय प्रारम्भ गरेको मिति देखि प्रत्येक त्रैमासिक अवधिमा आफ्नो सहभागिता रहेको प्रत्यक्ष बीमाको हिस्सा, पुनर्बीमा व्यवसायबाट प्राप्त रकम तथा तत्कालिन आकस्मिक बीमा कोष अर्न्तगतको पुलमा प्राप्त हुने रकम तथा अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम समेतको छुट्टाछुट्टै आय व्यय हिसाबको अभिलेख गरी सो को एक प्रति समितिमा पेश गर्नु पर्नेछ ।

(२) पुनर्बीमा व्यवसाय शुरु गरेको मितिले प्रत्येक त्रैमासिक अवधि सकिएको ६० (साठी) दिन भित्र प्रत्यक्ष बीमाको हिस्सा पुनर्बीमा तथा जोखिम समूह अर्न्तगतको पुलमा प्राप्त हुने आय व्यय हिसाबको छुट्टाछुट्टै विवरण पेश गर्नु पर्नेछ ।

१०. **बीमांकीय मुल्यांकन गराउनु पर्ने** : पुनर्बीमकले प्रत्येक आर्थिक वर्षमा आफ्नो सम्पत्ति तथा दायित्वको बीमांकी (Actuary) द्धारा बीमाङ्कीय मुल्याङ्कन (Acturial Valuatuion) गरी सो को प्रतिवेदन समितिमा पेश गर्नु पर्ने छ ।

**११. <u>बित्तीय बिवरण पेश गर्नुपर्ने</u>** : (१) पुनर्बीमकले आफनो सम्पूर्ण कारोवारको बित्तीय बिवरण तोकिएको ढाँचामा तयार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको बित्तीय विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पाँच महिना भित्र लेखापरीक्षण गराई सो को एक प्रति समितिमा पेश गर्नु पर्नेछ ।

**१२. <u>अनिवार्य जगेडा कोष राख्नु पर्ने</u>** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पुनर्बीमकले आफनो ब्यवसाय गर्दा बचत भएको रकम कम्तिमा ५ (पाँच) वर्ष सम्म मुनाफाको रुपमा बाँडफाँड नगरी अनिवार्य जगेडा कोषमा राख्नु पर्नेछ ।

## परिच्छेद ६
## लगानी सम्बन्धी व्यवस्था

**१३. <u>लगानी सम्वन्धी ब्यवस्था</u>** : (१) पुनर्बीमकले आफनो पूँजी तथा पुनर्बीमा ब्यवसायबाट प्राप्त रकम, बीमा कोषमा प्राप्त हुने रकम, प्रत्यक्ष बीमाको हिस्साबाट प्राप्त हुने रकम र पुनर्बीमकले अन्य कुनै श्रोतबाट प्राप्त गर्ने रकम प्रचलित कानूनको अधीनमा रही लगानी गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम लगानी गर्दा पुनर्बीमकलाई अधिकतम फाइदा हुने तथा लगानी एकत्रित नहुने ब्यवस्था गर्नु पर्नेछ ।

(३) पूनर्बीमकले दफा (१) मा उल्लेखित रकम लगानी गर्न पाउने क्षेत्र तथा त्यस्तो क्षेत्रमा लगानी गर्न सक्ने कुल लगानी योग्य रकमको प्रतिशत अनुसूचि १ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद ७
## संस्थागत तथा आन्तरिक सुशासन सम्बन्धी व्यवस्था

१४. **<u>सञ्चालक समितिका काम कर्तव्य र अधिकार</u>**: (१) पुनर्बीमकको साधारण सभाबाट हुने काम बाहेक ऐन, नियमावली तथा समितिबाट समय समयमा जारी भएका निर्देशन पुनर्बीमकको प्रबन्धपत्र तथा नियमावलीको अधीनमा रही पुनर्बीमकले गर्नु पर्ने काम र प्रयोग गर्ने सम्पूर्ण अधिकार सञ्चालक समितिमा निहित रहनेछ ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पादन गर्दा सञ्चालक समितिले देहायका कुरा सुनिश्चित गर्नु पर्नेछ ।

(क) तय गरिएको नीति तथा प्रक्रिया बमोजिम पुनर्बीमा व्यवसाय सञ्चालन भएको हुनु पर्नेछ ।

(ख) पुनर्बीमकको पूँजी पुनर्बीमा कोष र अन्य चल तथा स्थिर सम्पत्ति कानून बमोजिम रहेको हुनु पर्नेछ ।

(ग) प्रचलित कानून बमोजिम पुनर्बीमा व्यवसाय सञ्चालन गरेको हुनु पर्नेछ ।

(घ) व्यवस्थापकीय कार्य अख्तियार प्राप्त व्यक्तिबाट भएको हुनु पर्नेछ ।

(३) सञ्चालक समितिले पुनर्बीमकको संस्थागत तथा व्यवसायीक सुशासन कायम गर्ने प्रयोजनको लागि पुनर्बीमकको व्यवस्थापन तथा पदाधिकारी वा कर्मचारीबाट अनियमित तवरले भएका वा हुन सक्ने काम कारवाहीको गोप्य जानकारी प्राप्त गर्न आवश्यक नीति बनाउन सक्नेछ र त्यस्तो पेशागत सुरक्षाको सुनिश्चितता सञ्चालक समितिले गर्नु पर्नेछ ।

(४) सञ्चालक समितिले निर्धारण गरेका नीति तथा प्रक्रिया अनुरुप पुनर्बीमा व्यवसायको कारोबार तथा अन्य काम कारवाही सञ्चालन गर्न कर्तव्य प्रमुख कार्यकारी अधिकृतको हुनेछ ।

(५) पुनर्बीमकले आफ्नो कार्य सम्पादन गर्न कार्यबोझ तथा लागतको विश्लेषण गरी आफ्नो संगठन संरचना तयार गर्नु पर्नेछ । यसरी तय गरेको संरचना बमोजिमको कर्मचारी नियुक्त गरी कार्य सम्पादन गर्नु पर्नेछ ।

(६) पुनर्बीमकको सञ्चालक समिति, सञ्चालक समितिको गठन, सञ्चालकको योग्यता, सञ्चालक समितिको बैठक, पुनर्बीमकको पुँजी, पुनर्बीमा व्यवसाय तथा शेयर स्वामित्वको अनुपात एवं प्रमुख कार्यकारी अधिकृतको योग्यता, नियुक्ति तथा सेवा शर्त जस्ता विषय बाहेक अन्य सुशासन सम्बन्धी विषयमा बीमकको सुशासन सम्बन्धी निर्देशिका लागू हुनेछ ।

(७.) पुनर्बीमा कम्पनीले आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गरी कार्य गर्न सक्नेछ ।

(८.) पुनर्बीमकले आफ्नो कर्मचारी सेवा शर्त विनियमावली, आर्थिक प्रशासन विनियमावली, दावी भुक्तानी निर्देशिका, लगानी सम्बन्धी निर्देशिका, पुलको निर्देशिका, व्यावसायिक योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्ने छ । त्यस्ता सबै कागजातको एक प्रति समितिमा पेश गर्नु पर्नेछ ।

# अनुसुची -१

**पुनर्बीमा बीमा व्यवसाय संचालन गर्ने पुनर्बीमकहरुको लागि तोकिएको लगानी क्षेत्र र**
**त्यस्तो क्षेत्रमा बीमकहरुले लगानी गर्न सक्ने गरी तोकिएको प्रतिशत**

| लगानीको वर्ग | लगानीको क्षेत्र | लगानीको प्रतिशत | कैफियत |
|---|---|---|---|
| 'क' वर्ग | नेपाल सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र/वचतपत्र | जुनसुकै अवस्थामा पनि कुल लगानी रकमको २०% मा नघट्ने गरि 'क' वर्गमा लगानी गरिएको हुनु पर्नेछ। | |
| 'ख' वर्ग | (१) वाणिज्य बैंकको मुद्दती निक्षेप तथा अल्पकालिन लगानी। | (१) कुल लगानी रकमको ३५% मा नघट्ने गरि बाणिज्य बैंकको मुद्दती निक्षेप तथा अल्पकालिन लगानीमा लगानी गरिएको हुनु पर्नेछ। | (१) कम्तिमा ५ बर्षसम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई घटिमा ३ वर्षसम्म नाफामा रहेको बाणिज्य बैंकमा कुल लगानी रकमको बढिमा १५% सम्म र संचालनमा आएको ५ वर्ष नपुगेका बाणिज्य बैंकको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा ५% सम्म एउटै बाणिज्य बैंकको मुद्दती निक्षेप तथा अल्पकालिन लगानीमा लगानी गर्न सकिनेछ। |
| | (२) विकास बैंकको मुद्दती निक्षेप। | (२) कुल लगानी रकमको १५% मा नबढ्ने गरि बिकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ। | (१) कम्तिमा ५ बर्षसम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई घटिमा ३ वर्षसम्म नाफामा रहेको विकास बैंकमा कुल लगानी रकमको बढिमा ५% सम्म र संचालनमा आएको पाँच वर्ष नपुगेका विकास बैंकको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा २% सम्म एउटै विकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ। |
| | (३) नागरिक लगानी कोषको एकाँकी नागरिक लगानी योजना वा सामुहिक लगानी कोषमा गरिएको लगानी। | (३) नागरिक लगानी कोषको एकाँकी नागरिक लगानी योजना वा सामुहिक लगानी कोषमा कुल लगानी रकमको ५% मा नबढ्ने गरि लगानी गर्न सकिनेछ। | |
| (क+ख) | माथि तोकिए वमोजिम। | जुनसुकै अवस्थामा पनि कुल लगानी रकमको ६५% मा नघट्ने गरि अनिवार्य रुपमा (क+ख) वर्गमा लगानी गर्नु पर्नेछ। | |
| | (१) वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको अग्राधिकार शेयरमा (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रहरु। | (१) कुल लगानी रकमको १०% मा नबढ्ने गरि वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रहरुमा लगानी गर्न_सकिनेछ। | (१) कुनै वाणिज्य बैंक वा विकास बैंक वा वित्त कम्पनीको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रमा लगानी गर्दा कुल लगानी रकमको बढिमा ५% सम्म वा त्यसरी लगानी गरिने बैंक वा वित्त कम्पनीको चुक्ता पूँजीको १०% मध्ये जुन घटी हुन्छ सो भन्दा बढि नहुने गरी कुनै एउटै वाणिज्य बैंक, विकास बैंक वा वित्त कम्पनीको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रमा लगानी गर्न सकिनेछ। |

| | | | |
|---|---|---|---|
| 'ग' वर्ग | (२) बित्त कम्पनीको मुद्दती निक्षेप । | (२) कुल लगानी रकमको १०% मा नबढने गरी बित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । | (२) कम्तिमा ५ बर्ष सम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण भएको वित्त कम्पनीको आर्थिक अवस्था हेरी कुल लगानी रकमको बढिमा ३% सम्म र संचालनमा आएको ५ वर्ष नपुगेका वित्त कम्पनीको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा १% सम्म एउटै वित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । |
| | (३) पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर । | (३) कुल लगानी रकमको १०% मा नबढने गरी पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानी गर्न सकिनेछ । | (३) कुनै एउटै पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानी गर्दा कुल लगानी रकमको २% वा त्यसरी शेयर लगानी गरिने पब्लिक लिमिटेड कम्पनीको चुक्ता पूँजीको १०% मध्ये जुन घटी हुन्छ सो भन्दा बढि नहुने गरी लगानी गर्न सकिनेछ । |
| | ४) उत्पादनशिल वा राष्ट्रिय महत्वका क्षेत्र । | (४) कुल लगानी रकमको ५% मा नबढने गरी उत्पादनशील वा राष्ट्रिय महत्वका क्षेत्रहरु (जलविद्युत, स्वास्थ्य, शिक्षा, पर्यटन र कृषि) मा आधारित पब्लिक लिमिटेड कम्पनीको शेयरमा लगानी गर्न सकिनेछ । | (४) उत्पादनशील वा राष्ट्रिय महत्वका क्षेत्रहरु (जलविद्युत, स्वास्थ्य, शिक्षा, पर्यटन र कृषि) मा आधारित पब्लिक लिमिटेड कम्पनीको शेयरमा लगानी गर्दा कुल लागनी रकमेको बढिमा ५% सम्म लगानी गर्न सकिनेछ । |

माथि जुनसुकै कुरा लेखिएको भएता पनि बीमकले लगानी गर्दा देहाय वमोजिम हुनेछ :

(१) नेपाल सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र वाहेक बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती निक्षेपमा एक पटकमा बढिमा २ वर्षसम्मको लगानी मात्र गर्न सकिने छ ।

(२) नेपाल सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र उपलब्ध नभएमा सो क्षेत्रमा गर्नुपर्ने लगानीको बाँकी अंश बाणिज्य बैंकको मुद्दती निक्षेपमा लगानी गर्नु पर्नेछ र सोको जानकारी बीमा समितिलाई दिनु पर्नेछ ।

(३) यो लगानी नीति लागू हुनु भन्दा पहिले लगानी भएकोमा यो लगानी नीतिले बाधा पुऱ्याएको मानिने छैन तर त्यस्तो लगानीको अवधी समाप्त भए पश्चात यस लगानी नीति भित्र रहि लगानी गर्नु पर्नेछ ।

(४) प्रत्येक नयाँ लगानी वा लगानी नविकरण गर्दा तोकिएको सिमाहरु पालना भएको हुनुपर्छ ।

(५) कुनै पनि बैंकको कल डिपोजिट वा अन्य ब्याज प्राप्त हुने खातामा रहेको रकमलाई समेत गणना गरी उक्त बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिने रकम निर्धारण गर्नु पर्नेछ ।

(६) नेपाल राष्ट्र बैंकले तोकिएको पूँजी कोष पुगेका बैंक तथा वित्तीय संस्थाहरुमा मात्र लगानी गर्नु पर्नेछ ।

(७) तोकिएको लगानी नीति र प्रतिशत वाहेक अन्य क्षेत्रमा लगानी गर्दा समितिको पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

(८) सामुहिक लगानी कोष अन्तर्गत बिज (सिड) रकममा लगानी गर्दा समितिको पूर्व स्वीकृति लिनु पर्नेछ ।